# वुस्टर पब्लिक स्कूल जिल्ला

## डोहर्टि मेमोरियल हाई स्कूल
## इन्जिनियरिङ्ग टेक्नोलोजी एकाडेमी (इटिए)

### खण्ड ७४ भर्ना नीति

फल २०१५ संस्करण

### परिचय

सिट सिमित हुने भएकोले वुस्टर पब्लिक स्कूल जिल्लाका व्यवसायिक प्राविधिक संकायमा भर्ना हुन प्रक्रिया अपनाउन जरुरी हुन्छ। व्यवसायिक प्राविधिक कार्याशालाहरू अधिकतम कति विद्यार्थीहरूलाई सुरक्षित साथ सेवा दिन सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर तयार पारिएका हुन्छन्। परिणामस्वरुप यस्ता भवनहरूमा ठाउँ तथा लचकताको अभाव हुने हुँदा सम्पूर्ण आवेदकहरूका चाहाना र आवश्यकतालाई पूरा गर्न सकिँदैन। त्यस कारणले गर्दा यस शैक्षिक मौकाबाट कुन आवेदकले बढि फाइदा पाउन सक्दछ भनि निश्चित गर्न छनौट प्रकृयाको आवश्यकता पर्दछ। डोहर्टी मेमोरियल हाई स्कूलको इन्जिनियरिङ्ग टेक्नोलोजी एकाडेमीले सम्पूर्ण आवेदकहरूको यस भर्ना नीतिमा उल्लेखित मापदण्डहरूको प्रयोग गरी मूल्याङ्कन गर्दछ।

### समान शैक्षिक अवसर

वुस्टर पब्लिक स्कूल्सले विद्यार्थीहरूलाई भर्ना लिने र उनीहरूलाई दिईने फाइदा, सुविधाहरू तथा अध्ययन पाठ्यक्रमहरू उनीहरूको स्थिति, कुनै विशेष समुदायको सदस्य, जातीयता, रंग, लिङ्ग, लिङ्ग पहिचान, धर्म, राष्ट्रिय मूल, अंग्रेजी भाषा प्रविणता, अपाङ्गता, तथा लैङ्गिक झुकावको आधारमा विना भेदभाव उपलब्ध गराउँदछ।

यदि सीमित अंग्रेजी भाषा बोल्ने विद्यार्थी छ भने र उसले अनुरोध गरेमा, डोहर्टि मेमोरियल हाई स्कूल र/अथवा पठाउने माध्यमिक स्कूलका दक्ष प्रतिनीधिले उसलाई आवश्यक फारम भर्न, सम्पूर्ण निवेदन र भर्ना प्रक्रिया पूरा गर्न विद्यार्थीको आफ्नो भाषामै व्याख्या गरि दिएर सहयोग पुऱ्याउँदछ।

अपाङ्ग विद्यार्थीले निवेदन दिन र भर्ना प्रकृयाका लागि आवश्यक सहयोग लिन चाहेमा स्वेच्छाले आफ्नो पहिचान दिई सहयोग माग्न सक्नेछन्।

सीमित अंग्रेजी भाषा बोल्ने र स्वेच्छाले अपाङ्ग भएको पहिचान दिएर निवेदन तथा भर्ना प्रकृयाको लागि सहयोग लिएको कारणले भर्ना लिने कुरामा कुनै असर पार्दैन।

### योग्यता

कक्षा आठका कुनै पनि विद्यार्थी आफू उत्तीर्ण भएपछि जान चाहेको कक्षामा इन्जिनियरिङ्ग प्रविधि संकायमा फलमा भर्ना हन चाहेमा र सिट खाली भएमा भर्ना हुनका लागि आवेदन दिन योग्य हुनेछन्। आवासीय विद्यार्थीहरूलाई यस भर्ना नीतिमा उल्लेखित मापदण्डको प्रयोग गरी मूल्याङ्कन गरिनेछ।
अन्य स्कूल जिल्लाहरूबाट स्थानान्तरण भएर आउने विद्यार्थीहरू कक्षा ९ अथवा १० मा वुस्टर पब्लिक स्कूल्समा उनीहरूले चाहेको कक्षामा फल शत्र वा चालु शैक्षिक शत्रमा भर्ना हुन निवेदन दिन योग्य हुनेछन्। स्थानान्तरण भएर आउने विद्यार्थीहरूको मूल्याङ्कन यस भर्ना नीतिमा उल्लेखित मापदण्ड अनुसार गरिनेछ।

## संस्थागत संरचना

वुस्टर पब्लिक स्कूल्सको खण्ड ७४ ले अनुमोदन गरेको व्यवहारिक प्रविधि कार्यक्रम डोहर्टि मेमोरियल हाई स्कूलमा छ। यो स्कूल न्यू इंगल्याण्ड स्कूल तथा कलेजहरूको संघको एउटा सदस्य हो। डोहोर्टि मेमोरियल हाई स्कूल स्तरीय शिक्षा र व्यवसायिक प्राविधिक कार्यक्रमहरू प्रदान गर्न प्रतिवद्ध छ।

यस भर्ना नीति अनुसार आवेदकहरूलाई भर्ना लिइएको कुरा सुनिश्चित गर्न आवश्यक नीति तथा प्रकृयाहरूको पालना भएको छ छैन भन्ने कुराको सुपरिवेक्षण गर्ने जिम्मेवारी वुस्टर पब्लिक स्कूल्सको सुपरिन्टेन्डेन्टको हुन्छ।

प्रत्येक स्कूलमा विद्यालय प्रमुखद्वारा नियूक्त गरिएको भर्ना समिति रहनेछ। उक्त समितिमा प्रशासन, निर्देशन ( गाईडेन्स), विशेष आवश्यकता (यदि चाहिएमा), व्यवसायिक प्राविधिक तथा शिक्षण विभागहरूका व्यक्तिहरू सदस्य रहनेछन्। भर्ना समितिका जिम्मेवारीहरूमा निम्न कुराहरू पर्दछन्:

क. भर्नाका मापदण्डहरूको निर्धारण गर्नु
ख. भर्ना प्रकृयाहरूको विकास तथा कार्यान्वयन गर्नु
ग. निवेदनहरूको प्रकृया पूरा गर्नु
घ. विद्यार्थीहरूको श्रेणीकरण गर्नु
ङ. भर्ना नीतिमा निर्धारण गरिएका प्रकृया र मापदण्ड अनुसार विद्यार्थीहरूलाई भर्ना लिनु
च. भर्नाको लागिसंभावित योग्य विद्यार्थीहरूको प्रतिक्षा सूचिको तयार पार्ने र कायम राख्ने।

वुस्टर पब्लिक स्कूलहरू स्कूल च्वाइस प्रोग्राममा सहभागी हुने छैनन्।

## भर्ना प्रक्रिया

वुस्टर पब्लिक स्कूल्स जिल्लाले आफ्नो स्कूलको बारेमा विभिन्न माध्यमद्वारा सूचना प्रवाह गर्दछ। प्रत्येक ईच्छुक निवेदकले इन्जिनियरिङ्ग प्रविधि संकायको निवेदन तथा अन्य महत्त्वपूर्ण जानकारीहरू भएका शैक्षिक कार्यक्रम पुस्तिकामा पहुँच पाउनेछ।

वुस्टर पब्लिक स्कूलमा कक्षा ८ मा पढ्ने सम्पूर्ण विद्यार्थीहरूलाई सामान्यतया नोभेम्बरको पहिलो हप्तातिर हुने डोहर्टिको ओपन हाउस कार्यक्रमको जानकारी लेखेर फलमा चिठ्ठी सहित निवेदन पठाइन्छ। ओपन हाउसमा जानकारी दिन तथा विद्यार्थीहरू र परिवारहरूको प्रश्नहरूको जवाफ दिन इटिए का प्रतिनीधिहरू उपस्थित हुन्छन्।

इन्जिनियरिङ्ग प्रविधि संकायका शिक्षकहरू र विद्यार्थीहरू कार्यक्रमको बारेमा जानकारी दिन, प्रश्नहरूको उत्तर दिन र डोहर्टि मेमोरियल हाई स्कूलको कार्यक्रमको मूख्य आकर्षणबारे प्रकाश पार्न जाडो महिनामा फरेस्ट ग्रोभ मिडल स्कूल, बर्नकोट मिडल स्कूल, सलिभान मिडल स्कूल र वुस्टर इस्ट मिडल स्कूलमा जान्छन्। त्याहाँका प्रत्येक विद्यार्थीलाई निवेदन फारम उपलब्ध गराईन्छ।
स्थानीय निजी तथा परोकियल स्कूलहरूका गाइडेन्स कर्मचारीलाई उचित लागेमा त्याहाँका विद्यार्थीहरूलाई जानकारी दिन निवेदन फारम लगायत कार्यक्रम सम्बन्धि सूचना पठाईन्छ।

आमाबाबु(हरू)/अभिभावक(हरू)ले व्यक्तिगत भेटघाट गर्न दुवै पक्षलाई मिल्ने समय निर्धारण गर्न सक्नेछन्। निवेदन फारम र थप लिखित जानकारीहरू डोहर्टि मेमोरियल हाई स्कूलको इन्जिनियरिङ्ग प्रविधि संकाय शाखा, साथै गाइडेन्स काउन्सिलरको कार्यालयमा उपलब्ध हुने छन्।

## आवेदन प्रक्रिया

१. डोहर्टि ममोरियल हाई स्कूलमा फल सिजनमा खण्ड १७ द्वारा अनुमोदित इन्जिनियरिङ्ग र प्रविधि विषयमा कक्षा ९ मा भर्ना हुन ईच्छुक विद्यार्थीले निम्न अनुसार गर्न अनिवार्य छ:
   - क. स्कूल वर्ष अवधिमा जति सक्दो चाँडै विद्यार्थी पठाउने स्कूलको गाइडेन्स काउन्सिलरबाट आवेदन लिने वा स्कूलबाट हुलाकद्वारा पठाईएको वा स्कूल जाँदा दिईएको आवेदन प्रयोग गर्ने ।
   - ख. तल उल्लेख गरिएको चालु भर्ना विवरण अनुसार आवेदन पूरा गरेर समयमै पठाउने स्कूलको गाइडेन्स काउन्सिलरलाई बुझाउने ।

२. पठाउने स्कूलको गाइडेन्स काउन्सिलर निम्न कुराको जिम्मेवार हुनेछन्:
   - क. आवेदनमा गाइडेन्स काउन्सिलरका लागि तोएिको भाग पूरा गर्ने ।
   - ख. पूरा गरिएको आवेदन जति सक्दो चाँडो डोहर्टिको भर्ना संयोजकलाई पठाउने ।

   पूरा (पूर्ण) आवेदन भन्नाले:
   - ✓ पूरा गरिएको आवेदन फारम (आवश्क दस्तखत सहित)

३. अपुरो आवेदन प्राप्त भएमा निम्न अनुसार गरिनेछ:
   - क. डोहर्टि मेमोरियल हाई स्कूलको भर्ना/गाइडेन्स कार्यालयले आवेदन पठाउने स्कूलको गाइडेन्स काउन्सिलरलाई आवेदन पूरा नभएको र पूरा गरि पठाउन जानकारी दिनेछ ।
   - ख. यदि आवेदन पठाउने स्कूलको गाइडेन्स काउन्सिलरबाट समस्याको समाधान नभएमा आवेदकका आमाबुवा/अभिभावकलाई पनि खबर गरिनेछ ।
   - ग. अपूरो आवेदन स्वीकार गरिने छैन । अपूरो आवेदनलाई श्रेणिकरण पनि गरिने छैन ।

## विलम्व आवेदन

आवेदन समय सीमा भन्दा ढिला गरी प्राप्त भएका आवेदनहरूलाई शुरुमा अरु आवेदनलाई प्रयोग हुने उही प्रक्रिया प्रयोग गरी मुल्याङ्कन गरिनेछ र प्रतिक्षा सूचिको श्रेणी क्रममा समावेश गरिनेछ ।

## त्यागिएको आवेदन

कुनै निश्चित स्कूल जिल्ला कार्यक्रम छाडेका विद्यार्थी र जो अन्य कुनै हाइ स्कूल गै रहेका वा नगएका ले यस भर्ना नीतिमा उल्लेख गरिएका कुराहरूको पालना गरी पुन: आवेदन गर्न सक्नेछन् र उनीहरूलाई यस भर्ना नीतिमा उल्लेख गरिएका मापदण्ड अनुसार मुल्याङ्कन गरिनेछ ।

## छनौट मापदण्ड

इन्जिनियरिङ्ग र प्रविधि शास्त्रमा आवेदन दिनका लागि प्रत्येक विद्यार्थीको पढ्ने क्षमता कक्षा स्तरको हुन अनिवार्य छ र अल्जेब्रा १ को कक्षा लिई रहेको वा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

डोहर्टि मेमोरियल हाइ स्कूलको उद्देश्य सबै विद्यार्थीहरूलाई इन्जिनियरिङ्ग र प्रविधि शास्त्रमा शिक्षा दिनु हो । इन्जिनियरिङ्ग र प्रविधि शास्त्रका संकाय र कर्मचारीले सबै विद्यार्थीहरूमा उच्च स्तरको प्राज्ञिक र प्राविधिक शिक्षालाई बढावा दिन्छन् ।

इन्जिनियरिङ्ग र प्रविधि शास्त्रमा भर्ना गर्ने नगर्ने कुरा आवेदनलाई हेरेर त्यसैको आधारत निर्धारण गरिन्छ । पूरा गरि बुझाईएका आवेदनहरूलाई संकलन गरिनेछ र आवेदनमा व्याख्या गरे अनुसार कुल जम्मा प्राप्ताङ्कको (जम्मा १०० पोइन्टमा) आधारमा श्रेणी क्रममा मिलाएर राखिनेछ । आवेदकहरू मध्येबाट भर्नाका लागि को पर्ने र को नपर्ने भनेर छुट्टाउने कुरा दुई तत्वहरूमा आधारित हुनेछ । खण्ड ७४ मा तोएिको कार्यक्रमका लागि मासाचुसेट्स शिक्षा विभागले अधिकतम शिक्षक-विद्यार्थी अनुपात र एकजना विद्यार्थीका लागि अधिकतम ठाउँ कति हुनु पर्ने भन्ने कुरा सुझाव गर्दछ । इन्जिनियरिङ्ग र प्रविधि शास्त्रमा अधिकतम कति जना विद्यार्थी भर्ना गर्ने भन्ने कुरा यी दुई तत्वमाहरूमा भर पर्दछ ।

२०१५-२०१६ शैक्षिक वर्षमा कक्षा ९ मा भर्ना गरिएको विद्यार्थीको अधिकतम संख्या ११५ थियो ।

## छनौट प्रक्रिया

डोहर्टि हाइ स्कूलको भर्ना समितिले पूर्वनिर्धारित योग्ता पुगेको छ छैन भनेर सबै आवेदनहरूको जाँच गर्नेछ । इन्जिनियरिङ्ग र प्रविधि विषयमा प्रवेश गर्ने सम्पूर्ण विद्यार्थीहरूको पढ्ने क्षमता ग्रेड लेभलको (कक्षा तह अनुसारको) हुन अनिवार्य छ र अल्जेब्रा १ हाल भर्ना भएको वा उत्तीर्ण गरेको हुनु पर्नेछ । अंग्रेजी भाषा कला र गणितको क्षमता ग्रेड लेभलको छ छैन भन्ने कुरा निर्धारण गर्न कक्षा ८ को एमक्यासको प्राप्ताङ्क प्रयोग गर्न सकिनेछ ।
विद्यार्थीले कक्षा ७ र ८ मा प्रदर्शन गरेको शैक्षिक क्षमता (४०%), आचरण/प्रयत्न (२०%), र उपस्तिति/स्कूल ढिला आउने (२०%), साथै पठाउने स्कूलको कर्मचारीले गरेको व्यक्तिगत मूल्याङ्कन (२०%) ले निर्धारण गरेको अंकको आधारमा आवेदनहरूको समीक्षा र अन्य प्रक्रिया पूरा गरी प्राप्त कुल अंकको आधारमा क्रम मिलाएर राखिनेछ ।

भर्ना/गाइडेन्स कर्मचारीले सम्पूर्ण आवेदनहरू र स्कुल रेकर्डको समीक्षा गर्नेछ । पूर्व आपेक्षित कुराहरू भए नभएको कुरा जाँचिनेछ । कक्षा ९ मा भर्नाका लागि लिईने आवेदनको संख्या उक्त शैक्षिक वर्षमा लिईने अधिकतम भर्ना संख्याको आधारमा निर्धारण हुनेछ (शैक्षिक वर्ष २०१५-२०१६ मा ११५ जना विद्यार्थी) ।

आवेदनहरूको संकलन र अरु प्रक्रियागत कुरा फेब्रूअरी महिनाको शुरुसम्म गरिनेछ । मध्य फेब्रुअरीदेखि डोहर्टि मेमोरियल हाइ स्कूलले सबै आवेदकहरूलाई उनीहरू इटिए मा छनौट भएको वा प्रतिक्षा सूचिमा रहेको कुरा पत्रद्वारा जानकारी गराउनेछ । यो कुरा आवेदनले पाएको प्राप्ताङ्कको श्रेणी क्रम र कार्यक्रममा भर्ना हुन योग्य विद्यार्थीको अधिकतम संख्या दुई कुराको संयुक्त आधारबाट निर्धारण गरिनेछ ।

यदि इटिएका लागि छनौट गरिएका कुनै आवेदकले इटिएमा संलग्न नहुने भएमा डोहर्टि मेमोरियल हाइ स्कूलले उक्त सिट प्रतिक्षा सूचिमा शीर्ष स्थानमा रहेको विद्यार्थीलाई दिनेछ ।

अनुमोदित प्रत्येक स्कूललाई प्राप्त भएको आवेदनका आवेदकहरूलाई उनीहरूको स्थितिका बारेमा उनीहरूको आमाबुवा/अभिभावकलाई पत्र पठाएर जानकारी गराईनेछ ।

## भर्ना

यस्ता अनुमोदन भएका जिल्ला कार्यक्रममा फल सत्रमा भर्ना हुन चाहाने आवेदकले आफूलाई पठाउने स्कुल (हाल अध्यनरत स्कूल) मा भर्ना हुन चाहेको कक्षा तहमा प्रवेश गरेको हुनु पर्नेछ । यसका अलवा, उनीहरूले भर्ना हुन लागेको तत्काल अघिल्लो वर्षमा अंग्रेजी भाषा कला वा सो सरहको र गणित (म्याथमेटिक्स) विषयमा कक्षा लिएकै हुनुपर्नेछ ।